# 2021 विद्यान परिषद् आम निर्वाचनको संक्षिप्त विवरण

## निर्वाचन बारे संक्षिप्त जानकारी

## विद्यान परिषद् आम निर्वाचनको लागि मतदान व्यवस्था

- मतदान मिति: 19 डिसेम्बर 2021 (आइतबार)
- मतदान समय : बिहानको 8:30 बजे देखि रातीको 10:30 बजे सम्म (कारागार संस्थानहरुमा तोकिएका मतदान केन्द्रहरु जहाँ मतदानको समय बिहान 9:00 बजे देखि दिउँसोको 4:00 बजे सम्म हुनेछ) ।

## नामांकन अवधि

- नामांकन अवधि: 30 अक्टोबर 2021 देखि 12 नोभेम्बर 2021 सम्म
- नामांकन फारमहरु दर्ता तथा निर्वाचन कार्यालय ("REO") को वेबसाइट (www.reo.gov.hk) बाट प्राप्त गर्न सकिन्छ, वा निम्न कार्यालयहरुबाट निःशुल्क संकलन गर्न सकिन्छ:
    - जिल्ला कार्यालयहरु;
    - निर्वाचन अधिकृतहरुको कार्यालयहरु; वा
    - REO का कार्यालयहरु (10/F, Harbour Centre, 25 Harbour Road, Wan Chai, Hong Kong or Unit 2301-03, 23/F, Millennium City 6, 392 Kwun Tong Road, Kwun Tong, Kowloon)

## विद्यान परिषदको संक्षिप्त जानकारी

### निर्वाचन प्रणाली सुधार(एकिकृत संशोधनहरु) अध्यादेश 2021

द नेशनल पिपल्स् कंग्रेस (“NPC”) ले 11 मार्च 2021 मा हङकङ विशेष प्रशासनिक क्षेत्रको निर्वाचन प्रणालीमा सुधार ल्याउने निर्णय (“निर्णय”) पारित गर्यो र NPC को स्थायी समिति(“NPCSC”) लाई हङकङ विशेष प्रशासनिक क्षेत्र (“HKSAR”) को प्रमुख कार्यकारी छनोट गर्ने प्रक्रियामा बेसिक ल को एनेक्स I संशोधन गर्न र HKSAR को विद्यान परिषद गठन गर्ने प्रक्रिया र यसको मतदान प्रक्रियाहरुमा बेसिक ल को एनेक्स II संशोधन गर्ने अधिकार दिइयो । NPCSC ले 30 मार्च 2021 मा संशोधित एनेक्स I र एनेक्स II लाई बेसिक ल मा समावेश गर्यो । बेसिक ल को नयाँ संशोधित एनेक्स I र एनेक्स II लाई लागू गर्न, LegCo द्वारा पारित भईरहेको निर्वाचन प्रणाली (एकिकृत संशोधनहरु) अध्यादेश 2021 राजपत्रमा प्रकाशित गरि र 31 मे 2021 बाट लागु गरिएको थियो ।

## <u>संरचना</u>

बेसिक ल को निर्णय र एनेक्स II को अनुसार, HKSAR को LegCo निम्नानुसार 90 सदस्यहरु बाट बनेको हुनेछ:

- निर्वाचन समिति द्वारा फिर्ता सदस्यहरु : 40 व्यक्तिहरु
- कार्यात्मक निर्वाचन क्षेत्रहरु द्वारा फिर्ता सदस्यहरु : 30 व्यक्तिहरु
- भौगोलिक निर्वाचन क्षेत्रहरु द्वारा फिर्ता सदस्यहरु **<u>प्रत्यक्ष निर्वाचनको माध्यम बाट</u>** : 20 व्यक्तिहरु

- कार्यालयको कार्यकाल चार वर्षे हुनेछ ।

## <u>निर्वाचन समिति निर्वाचन क्षेत्र (“ECC”) – 40 व्यक्तिहरु</u>

### मनोनयन उम्मेदवारी

- सबै पंजीकृत भौगोलिक निर्वाचन क्षेत्र ("GC")का 21 वर्ष वा सो भन्दा माथि उमेरका मतदाताहरु जो मनोनीत हुनु (नामांकन) भन्दा 3 वर्ष अगाडि देखि नै हङकङमा सामान्यरुपमा लगतै बसोबास गरिरहेका छन भने उम्मेदवारहरुको रूपमा मनोनीत हुन सक्छन्, अर्थात उम्मेदवारहरुलाई निर्वाचन समिति ("EC") को सदस्यहरु हुन आवश्यक छैन।
- प्रत्येक उम्मेदवारलाई कम्तिमा 10 भन्दा कम, तर 20 भन्दा बढि, निर्वाचन आयोगका सदस्यहरुले, EC को 5 क्षेत्रहरु मध्ये प्रत्येक बाट कम्तीमा 2 भन्दा कम तर 4 भन्दा बढि सदस्यहरु द्वारा मनोनित गरिनेछ ।
- EC का प्रत्येक सदस्यले 1 जना उम्मेदवार मात्र मनोनयन गर्न सक्नेछन्।

### मतदान

- EC का सदस्यहरुले, उम्मेदवारहरुको नामावलीको आधारमा, गोप्य मतदानद्वारा भोट हाल्नेछन्। कुनै एक मतपत्र तब मात्र मान्य हुन्छ यदि मतपत्रमा निहित मतहरुको संख्या फिर्ता गर्ने सदस्यहरुको संख्या सँग बराबर भएमा सबैभन्दा धेरै मत प्राप्त गर्ने 40 उम्मेद्ववारहरुलाई चुनावमा फिर्ता गरिनेछ ।

## <u>कार्यात्मक निर्वाचन क्षेत्रहरु (“FCs”)– 30 व्यक्तिहरु</u>

### 28 FCs को संरचना र सीट बाँडफाँड

| FCs | | सीटहरु | मतदाताहरुको संरचना | |
|---|---|---|---|---|
| | | | व्यक्तिगत | संस्थाहरु |
| 1 | हियोङ यि कुक | 1 | ✓ | |
| 2 | कृषि तथा मत्स्यपालनहरु | 1 | | ✓ |
| 3 | बीमा | 1 | | ✓ |
| 4 | यातायात | 1 | | ✓ |

| | | | | |
|---|---|---|---|---|
| 5 | शिक्षा | 1 | ✔ | |
| 6 | कानूनी | 1 | ✔ | |
| 7 | लेखा | 1 | ✔ | |
| 8 | चिकित्सा र स्वास्थ्य सेवाहरु | 1 | ✔ | |
| 9 | ईन्जिनियरिङ | 1 | ✔ | |
| 10 | आर्किटेक्चरल(वास्तुकला), सर्वेक्षण, योजना र भौगोलिक बनावट | 1 | ✔ | |
| 11 | श्रम | 3 | | ✔ |
| 12 | सामाजिक कल्याण | 1 | ✔ | |
| 13 | घर जग्गा तथा निर्माण | 1 | | ✔ |
| 14 | पर्यटन | 1 | | ✔ |
| 15 | व्यावसायिक (प्रथम) | 1 | | ✔ |
| 16 | व्यावसायिक (दोस्रो) | 1 | | ✔ |
| 17 | व्यावसायिक (तेस्रो) | 1 | | ✔ |
| 18 | औद्योगिक (प्रथम) | 1 | | ✔ |
| 19 | औद्योगिक (दोस्रो) | 1 | | ✔ |
| 20 | आर्थिक | 1 | | ✔ |
| 21 | वित्तीय सेवाहरू | 1 | | ✔ |
| 22 | खेलकुद,कला प्रर्दशन, संस्कृति तथा प्रकाशन | 1 | | ✔ |
| 23 | आयात तथा निर्यात | 1 | | ✔ |
| 24 | टेक्सटाइल तथा गार्मेन्ट(कपडा) | 1 | | ✔ |
| 25 | थोक तथा खुद्रा | 1 | | ✔ |
| 26 | टेक्नलजी र नवीनता | 1 | | ✔ |
| 27 | क्याटरिङ | 1 | | ✔ |
| 28 | HKSAR नेशनल पिपल्स् कंग्रेसका प्रतिनिधिहरु, HKSAR चिनियाँ जन राजनीतिका परामर्शदात्री सम्मेलन ("CPPCC") का राष्ट्रिय समितिका सदस्यहरु, र सम्बन्धित राष्ट्रिय संगठनहरुका प्रतिनिधिहरु | 1 | ✔ | |
| | **कुल** : | **30** | | |

टिप्पणीहरु:

एक FC को योग्य कर्पोरेट मतदाताहरु संस्थाहरु, संगठनहरु, संघहरु वा उद्यमहरु बाट बनेका हुनेछ जो प्रतिनिधि हुन् र कानून द्वारा निर्दिष्ट छन्। HKSAR को निर्वाचन कानून मा निर्दिष्ट नभएसम्म, एक

संघ वा उद्यम एक FC को लागि यदि त्यो FC को लागि यसले प्रासंगिक योग्यता प्राप्त गरी कम्तीमा 3 बर्ष सम्म सञ्चालन गरी रहेको छ भने मात्र एक FC को लागि कर्पोरेट मतदाता बन्न सक्छ ।

### नामांकन र उम्मेदवारी

- 21 वर्ष वा सो भन्दा माथि उमेरका सबै पञ्जीकृत GC मतदाताहरु जो नामांकन अघि 3 वर्ष देखि हङकङमा सामान्यरुपमा बसोबास गरिरहेका; र सम्बन्धित FCs को पञ्जीकृत मतदाताहरु वा त्यो FC संग एक पर्याप्त सम्बन्ध छ भने उम्मेदवार को रूपमा मनोनीत (नामांकित) गर्न सकिन्छ।
- उम्मेदवारहरुले निम्न दुई मापदण्ड पूरा गर्नुपर्छ:
    1. कम्तिमा 10 भन्दा कम नभएको, तर धेरैमा 20 भन्दा बढी नभएको सम्बन्धित FC को मतदाताहरु द्वारा नामांकित; र
    2. प्रत्येक कम्तिमा 10 भन्दा कम, तर 20 भन्दा बढि, निर्वाचन आयोग EC का सदस्यहरु द्वारा मनोनित, साथै EC का 5 क्षेत्रहरु मध्ये प्रत्येक बाट कम्तीमा 2 भन्दा कम तर धेरैमा 4 भन्दा बढि सदस्यहरु द्वारा मनोनित गरिनेछ ।

- ECका प्रत्येक सदस्यले FC का निर्वाचनमा 1 जना उम्मेदवार मात्र ECका सदस्यको रुपमा मनोनयन गर्न सक्नेछन्। प्रत्येक पंजीकृत FC मतदाताले आफ्नो/उनको सम्बन्धित FC मा एकउम्मेदवार मात्र FC मतदाताको रूप मा नामांकित गर्न सक्दछ (श्रम FC का मतदाताहरु बाहेक जसले अधिकतम 3 उम्मेदवारहरुलाई नामांकित गर्न सक्दछ)।

### मतदान

- प्रत्येक निर्वाचन क्षेत्रका मतदाताहरुले गोप्य मतदानबाट आफ्नो निर्वाचन क्षेत्रको LegCo सदस्य चुन्नु पर्नेछ ।

## <u>भौगोलिक निर्वाचन क्षेत्रहरु (“GCs”)</u>

### निर्वाचनको चित्रण र प्रणाली

- हङकङको क्षेत्रहरु 10 GCs मा विभाजित गरिनेछ । प्रत्येक निर्वाचन क्षेत्रबाट दुई LegCo सदस्यहरु फिर्ता हुनेछ । 10 GCs निम्नानुसार छन्:

    - हङकङ आइलेन्ड ईस्ट
    - हङकङ आइलेन्ड वेस्ट
    - काउलुन ईस्ट
    - काउलुन वेस्ट
    - काउलुन सेन्ट्रल
    - न्यू टेरिटोरिज साउथ ईस्ट
    - न्यू टेरिटोरिज नर्थ
    - न्यू टेरिटोरिज नर्थ वेस्ट
    - न्यू टेरिटोरिज साउथ वेस्ट
    - न्यू टेरिटोरिज ईस्ट

### नामांकन र उम्मेदवारी

- 21 वर्ष वा सो भन्दा माथि उमेरका सबै पञ्जीकृत GC मतदाताहरु जो नामांकन अघि 3 वर्ष देखि हङकङमा सामान्यरुपमा बसोबास गरिरहेका भने उम्मेदवार को रूपमा नामांकित गर्न सकिन्छ।
- उम्मेदवारहरुले निम्न दुई मापदण्ड पूरा गर्नुपर्छ:

1. GC कम्तिमा 100 भन्दा कम नभएको, तर धेरैमा 200 भन्दा बढी नभएको सम्बन्धित GC को मतदाताहरु द्वारा नामांकित; र

2. कम्तिमा 10 भन्दा कम, तर 20 भन्दा बढि, निर्वाचन आयोग EC का सदस्यहरु द्वारा मनोनित, साथै EC का 5 क्षेत्रहरु मध्ये प्रत्येक बाट कम्तीमा 2 भन्दा कम तर धेरैमा 4 भन्दा बढि सदस्यहरु द्वारा मनोनित गरिनेछ ।

- ECका प्रत्येक सदस्यले GCका निर्वाचनमा 1 जना उम्मेदवार मात्र ECका सदस्यको रुपमा मनोनयन गर्न सक्नेछन् । प्रत्येक पंजीकृत GC मतदाताले आफ्नो/उनको सम्बन्धित GC मा एक उम्मेदवार मात्र GC मतदाताको रूप मा नामांकित गर्न सक्दछ ।

## मतदान

- मतदाताहरुले गोप्य मतदान द्वारा एक उम्मेदवार छनौट गर्न सक्छन् । मतदाताहरु गोप्य मतदान द्वारा एक उम्मेदवार छनौट गर्न सक्छन्, र दुई उम्मेदवारहरु जसले सबैभन्दा धेरै मतहरु प्राप्त गर्नेछ उनीहरुलाई निर्वाचनमा फिर्ता गरिनेछ ।

## कसले मत हाल्न सक्छन्

- पंजीकृत व्यक्तिगत र कर्पोरेट मतदाता जसको नाम 2021 को मतदाताको अन्तिम दर्तामा शामिल गरीएको छ उनीहरु मात्र चुनावमा आफ्नो भोट गर्न योग्य छन्, र सान्दर्भिक रजिस्टर 29 अक्टोबर 2021 मा प्रकाशित गरिनेछ। ECC को लागि, केवल सदस्यहरु जसको नाम EC सदस्यहरुको अन्तिम रजिस्टर मा शामिल गरीएको छ भने मात्र नामांकन र मतदान गर्नको लागि योग्य छन्, र सान्दर्भिक रजिस्टरहरु 22 अक्टोबर 2021 मा प्रकाशित गरिनेछ ।

  h ttps://www.voterregistration.gov.hk/eng/statistic.html

## संयुक्त मतदान व्यवस्था

- सबै मतदाताहरु वा अधिकृत प्रतिनिधिहरु ("ARs") को सुविधा को लागि संयुक्त मतदान व्यवस्था गरिनेछ। यस व्यवस्था अन्तर्गत, एक EC सदस्य / एक योग्य मतदाता / एक AR ले सबै मतहरु जो उ/ उनीले भोट हाल्ने अधिकार पाउने सबै भोट एकै मतदान केन्द्रमा हाल्नेछन् ।

## मतदान कहाँ गर्ने

- ECC मतदाताहरु बाहेक, प्रत्येक मतदाता वा AR लाई एक निर्दिष्ट साधारण मतदान केन्द्रको लागि उनको/उनको आवासीय ठेगाना नजिकैको मतदाताको अन्तिम रजिस्टरमा दर्ता गरीएको छ जहाँ सम्म उपयुक्त हुन्छ। ECC मतदाताहरु को लागी, उनीहरुलाई ECC मतदान केन्द्र मा नियुक्त गरिनेछ।
- हिरासतमा रहेका मतदाता वा ARs लाई कारागार वा पुलिस स्टेशनहरुमा तोकिएका मतदान केन्द्रहरुमा ,जुन उपयुक्त हुन्छ ,भोट हाल्ने व्यवस्था गरिनेछ ।
- एक व्यक्तिगत मतदाता वा AR को तोकिएको मतदान केन्द्र बारे जानकारी देखाउने मतदान कार्ड सम्बन्धित मतदाता वा AR लाई कम्तीमा 10 दिन अघि जारी गरिनेछ ।
- एक मतदाता वा AR को लागि निर्धारित मतदान केन्द्र विशेष आवश्यकताहरु (ह्विलचेयर प्रयोगकर्ताहरु वा व्यक्तिहरुको गतिशीलता कठिनाई छ) को लागि पहुँच योग्य छ छैन भन्ने मतदान कार्ड संग संलग्न स्थानको नक्शामा निर्दिष्ट गरिनेछ । यदि मतदाता वा AR जो व्हीलचेयर प्रयोगकर्ता हुन् वा हिड्नमा कठिनाई छ र उनीहरुको तोकिएको मतदान केन्द्र पहुँच योग्य छैन, उनीहरुले REO लाई निर्वाचन क्षेत्रको लागि निर्दिष्ट विशेष मतदान केन्द्रमा मतदान गर्नको लागि आवेदन दिन सक्दछन् जसको लागि उ/उनीले भोट हाल्ने अधिकार राख्दछन् फ्याक्स द्वारा (2891 1180), इमेल द्वारा (reoenq@reo.gov.hk), टेलिफोन द्वारा (2891 1001) वा मेल द्वारा (10/F, Harbour Centre, 25 Harbour Road, Wan Chai, Hong Kong) 14 डिसेम्बर 2021 भन्दा पहिले मतदान गर्न सक्छन्।

- यदि मतदाताहरुलाई मतदानको जानकारी बारे अनुवाद सेवाको सहयोग आवश्यक परेमा , उनीहरुले अल्पसंख्यक जातीयहरुको केन्द्र ("CHEER") लाई निम्न हटलाइन मार्फत 6 देखि 10 डिसेम्बर 2021, र 13 देखि 19 डिसेम्बर 2021 सम्ममा सम्पर्क गर्न सक्छन् ।

| भाषा | हटलाइन नम्बर |
|---|---|
| बहासा ईन्डोनेशिया | 3755 6811 |
| हिन्दी | 3755 6877 |
| नेपाली | 3755 6822 |
| पन्जाबी | 3755 6844 |
| तागालग | 3755 6855 |
| थाई | 3755 6866 |
| उर्दू | 3755 6833 |
| भियतनामी | 3755 6888 |

## मत कसरी दिने

- तपाईको HKID कार्ड प्राप्त गरे पछि, मतदान कर्मचारीहरु तपाईलाई तपाइको अनुहार मास्क अस्थायी रूप बाट अलग गर्न र एक दृश्य जाँच गर्न को लागि सोध्नेछन् । तपाईको हङकङ परिचय कार्ड ("HKID कार्ड") को सक्कल वा अन्य निर्दिष्ट वैकल्पिक कागजात(हरु) (कृपया विवरणहरुको लागि तलको भागमा "मतपत्र(हरु) संकलनका लागि आवश्यक कागजात(हरु)" मा हेर्नुहोस्) तपाईको निर्दिष्ट मतदान केन्द्रमा 19 डिसेम्बर 2021(आईतबार) मतदान गर्ने समय अवधिमा (बिहानको 8:30 बजे (पक्का हुन बाँकि) देखि रातिको 10:30 बजे सम्म), सँगै लिएर आउनुहोस्, र मतदान केन्द्र भित्रका मतदान कर्मचारीलाई बुझाउनुहोस् । तपाई मतदाता हुनुहुन्छ कि हुनुहुन्न वा सम्बन्धित उपक्षेत्रका आधिकारिक प्रतिनिधि हुनुहुन्छ कि हुनुहुन्न भनेर जाँच गर्न, र तपाईसँग भएको मतपत्रको नम्बर र प्रकार(हरु) कानूनी अधिकार प्राप्त हो होईन भनेर जाँच गर्न मतदान केन्द्रका कर्मचारीले तपाईको HKID कार्ड स्क्यान गर्न इलेक्ट्रोनिक पोल रजिस्टर ("EPR") प्रणालीको ट्याब्लेट प्रयोग गर्दछ । प्रमाणीकरण पछि, मतदान कर्मचारीले तपाईलाई मतपत्र(हरु) दिनेछ र EPR प्रणालीले तपाईलाई जारी गरेको मतपत्रको विवरण रेकर्ड गर्दछ ।
- मतदान कर्मचारीले तपाईको मतदाता योग्यता र एउटा कार्डबोर्ड जसमा "" छाप छ, अनुसार मतपत्र (हरु) जारी गर्दछ । ECC मतदातालाई कालो कलम पनि दिइनेछ । त्यस पछि, तपाई तुरुन्तै मतदान कम्पार्टमेन्ट मध्ये एक को लागि अगाडि बढ्नु पर्छ ।
- कृपया मतदान कर्मचारीहरुको द्वारा दिईएको निर्देशन साथ साथै मतपत्र (हरू), कार्डबोर्ड र मतदान कम्पार्टमेन्ट भित्र सूचनाहरुमा छापिएका निर्देशन पालना गर्नुहोस्। तपाईले भोटिंग कम्पार्टमेन्ट भित्र मतपत्र (हरू) लाई चिन्ह लगाउनु पर्छ ।
- GCs/FCs को लागि, तपाई GC को नाम (हरू) र/वा FC का उम्मेदवार (हरू) को मतपत्र (हरू) को विपरीत सर्कल मा "" स्ट्याम्प गर्न कार्डबोर्ड संग जोडिएको छापको उपयोग गर्नु पर्छ। (श्रम FC को प्रत्येक AR ले तीन उम्मेदवारहरुलाई छनौट गर्न सक्नुहुन्छ ।)
- ECCs को लागि, तपाईले मतपत्रमा 40 **भन्दा बढी वा सो भन्दा कम नभएका** उम्मेदवारहरुलाई भोट दिनु पर्छ। तपाईले छनौट गर्नु भएको उम्मेदवारहरुको नामहरुको विपरीत कालो अंडाकार भर्न मतदान केन्द्र द्वारा प्रदान कलम को उपयोग गर्नु पर्छ ।
- प्रत्येक मतदान कम्पार्टमेन्ट एक समयमा मात्र एक मतदाता/AR द्वारा प्रयोग गरीन्छ। मतदानको स्वायत्तता र मतको गोप्यनियता सिद्धान्तको आधारमा, मतदातालाई आफ्नो मत दिन सहयोग पुर्याउने वा सहयोग गर्ने कसैलाई पनि (यदि उ/उनी मतदाताका आफन्त वा साथी भएतापनि) कानून बमोजिम प्रतिबन्धित गर्दछ ।

- तपाईले तपाईको मतपत्र (हरू) लाई दिबार्नु हुँदैन । एक मतपत्र चिन्ह लगाए पछि:

  (a) एक GC मतदाताले GC मतपत्रलाई **नीलो** मतपत्र बाकसमा घुसाउनु पर्छ जसको चिन्ह तलतिर फर्केको हुन्छ;

(b) AR को एक मतदाता वा AR ले FC मतपत्रलाई **रातो** मतपत्र बाकसमा घुसाउनु पर्छ जसको चिन्ह तलतिर फर्केको हुन्छ र

(c) 40 एक ECC मतदाताले ECC मतदान केन्द्रमा स्थापित एक अप्टिकल मार्क पहिचान मेसिनको उपयोग गरि कि उनीहरु/जसको बिरुद्ध मतपत्रमा अंकितको संख्या 40 बराबर छ प्रमाणित गर्नको लागि छनौट गर्न सक्नुहुन्छ । उसले/ उनले त्यसपछि मतदान केन्द्र द्वारा प्रदान गरिएको खाममा मतपत्र घुसाउनु पर्छ र मतपत्र **सेतो** मतपेटीमा खसाल्नुपर्छ ।

- यदि एक मतदाता वा AR मतपत्र चिह्न मा एक त्रुटि बनाउँछ वा अनजानमा एक मतपत्र बिग्रेको छ, उसले/त्यो मतपत्र पीठासीन अधिकारी ("PRO") लाई फिर्ता गर्न र एक प्रतिस्थापनको लागि सोध्न सक्छ ।

**मतपत्र (हरु) संकलन गर्न आवश्यक कागजात(हरु)**

- प्रचलित ऐन कानून अनुसार, मतदाता वा आधिकारिक प्रतिनिधिले मतपत्र(हरु)को लागि आवेदन गरेको छ भने उसको/उनको HKID कार्डको सक्कल वा निम्न निर्दिष्ट वैकल्पिक कागजात(हरु)प्रस्तुत गर्नु पर्नेहुन्छ:
  - एक मान्य HKSAR राहदानीको सक्कल; वा
  - छुट प्राप्त भएको प्रमाणपत्रको सक्कल; वा

- ○ HKID कार्डको लागि आवेदन स्वीकृति प्रदान गरिएको अनुमति पत्रको सक्कल; वा
- ○ व्यक्तिको मान्य सीमेनको परिचय पुस्तकको सक्कल; वा
- ○ भिसा प्रदान गर्ने उद्देश्यहरुका लागि व्यक्तिको परिचय प्रमाणित गर्ने मान्य कागजातको सक्कल; वा
- ○ एक व्यक्तिको HKID कार्ड वा छुट प्राप्त भएको प्रमाणपत्र वा HKID कार्डको लागि आवेदन स्वीकृति प्रदान गरिएको अनुमति पत्र हराएको वा बिग्रेको प्रमाणित गर्न पुलिस अधिकारीलाई रिपोर्ट गरेको कागजात (सामान्यतयामा "हराएको सम्पत्तीको एक विवरणको पूर्जी"),साथै मान्य राहदानीको सक्कल* वा त्यस्तै यात्रा गर्न मिल्ने कागजातमा (जस्तै HKSAR राहदानी बाहेक अर्को राहदानी वा होम रिटर्न पर्मिट) उसको/उनको नाम र फोटो भएको कागजात ।

  * ब्रिटिश नेशनल (ओभरसीज) (BN(O)) राहदानी एक मान्य ट्राभल डकुमेण्ट र पहिचानको लागि प्रमाणपत्र होईन ।

- विवरणका लागि, कृपया निर्वाचन मामिला आयोग (निर्वाचन प्रक्रिया)( विद्यान परिषद) नियमावली (क्याप. 541D)को धारा 50 मा हेर्नुहोस् ।

## आवश्यकतामा परेका मतदाताहरु वा ARs का लागि विशेष लाइन

- केवल मतदाताहरु र आधिकारिक प्रतिनिधिहरुलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति छ ।
- "निष्पक्ष र समान व्यवहार" को सिद्धान्त अन्तर्गत, मतदाता र आधिकारिक प्रतिनिधिहरुले मतदान गर्न लाइनमा पर्खिनुपर्छ । यदि PRO लाई मतदान केन्द्रमा मत दिन आउने व्यक्ति वा भित्र उपस्थित हुने व्यक्ति तल वर्णन गरे अनुसारमा पर्दछ भनि सन्तुष्ट हुन्छ भने, मतपत्रको लागि आवेदन दिन PRO ले सो व्यक्तिलाई तुरुन्तै तोकिएको क्षेत्र वा यदि लाइन त्यो क्षेत्रबाट सुरु हुन्छ भने लाइनको अन्त्यमा अगाडि बढ्न निर्देशन दिन सक्छ –
  - ○ 70 वर्ष भन्दा माथिको उमेर भएको *;
  - ○ जो गर्भवती छ; वा
  - ○ जो लामो समय प्रतीक्षा गर्न सक्षम छैन वा रोग, चोट, अशक्तता वा गतिशीलता उपकरणहरुमा निर्भरताको कारण लाइनमा पर्खन कठिनाई हुन्छ ।

  * निम्न व्यक्ति सहित –

  - ○ जसको कागजातले जन्म दिन र महिना बिना सो व्यक्तिको जन्म वर्ष मात्रै देखाउँछ, जुन मतदान हुने साल भन्दा 70 वर्ष अगाडिको भएमा;
  - ○ जसको कागजातले जन्म दिन बिना, व्यक्तिको जन्म वर्ष मतदान हुने साल भन्दा 70 वर्ष अगाडिको भएको देखाउँछ र सो व्यक्तिको जन्म महिना मतदानको दिन पर्ने महिनासँग एउटै परेको भएमा ।
- PRO ले माथिको मतदाताहरु वा आधिकारिक प्रतिनिधिहरुलाई विश्राम लिनको लागि, मतदान केन्द्र भित्र बस्ने ठाउँ पनि तोक्नेछ, यदि तिनीहरुले इच्छा गरे भने । आराम गरिसकेपछि, तिनीहरुले मतपत्र जारी गर्ने टेबुलमा जानका लागि निर्देशित हुनु अघि विशेष लाइनमा प्रतीक्षा गर्न सक्दछन् ।
- मतदानको स्वायत्तता र मतको गोप्यनियता सिद्धान्तको आधारमा, मतदातालाई आफ्नो मत दिन सहयोग पुर्याउने वा सहयोग गर्ने कसैलाई पनि (यदि ऊ/उनी मतदाताका आफन्त वा साथी भएतापनि) कानून बमोजिम प्रतिबन्ध छ । मतदाता वा आधिकारिक प्रतिनिधि जसलाई आफैले मतपत्रमा चिन्ह लगाउन कठिनाई हुन्छ, कानून बमोजिम, उनीहरुले PRO वा PRO को सहायकलाई उसको/उनको मतदान प्राथमिकता अनुसार, एक मतदान अधिकारीलाई साक्षीको रुपमा उपस्थित गराई मतपत्रमा चिन्ह लगाउन सक्छ । उपयुक्त भएको खण्डमा, PRO ले विवेक

प्रयोग गरी अन्य व्यक्तिले साथको आवश्यकता पर्ने मतदातालाई सो मतदाताहरुसँगै विशेष लाइन प्रयोग गर्न दिन अनुमति दिइएको छ ।

- मतदान कर्मचारीहरुलाई मतदान गर्न मतदाता/AR को सेवा गर्नको लागि कामको प्रारम्भिक बहालीको सुविधाको लागि, यदि उनी/उनीहरु तोकिएको मतदान केन्द्रमा आइपुग्छन् तर स्टेशन बाहिर प्रवेशको लागि एक लामो लाइन देखे, मतपत्र संकलन गर्न र आफ्नो/उनको मतदान कर्मचारी परिचय पेश गरेपछि उसको/उनको भोट गर्नलाई लाइनमा प्राथमिकताको लागि उनी/उनीहरुलाई मतदान केन्द्रमा प्रवेश गर्नको लागि अनुमति दिईन्छ ।

## मतदाता /ARs को लागि जाँच गर्नका लागि सूची

- भ्रष्टाचार विरुद्धको स्वतन्त्र आयोग ("ICAC") द्वारा लागू निर्वाचन (भ्रष्टाचार र अवैध आचरण)अध्यादेश (क्याप. 554) बमोजिम, मतदाता वा आधिकारिक प्रतिनिधिले हङकङ वा अन्यत्र निम्न कार्यहरु गर्नु हुँदैन:
    - अर्को व्यक्तिलाई मत नदिन वा निर्वाचन अवधिको समयमा सार्वजनिक रुपमा कुनै गतिविधिद्वारा चुनावमा अवैध मत दिनको लागि उत्साहित गरेमा ।
    - चुनावमा अर्को व्यक्तिलाई मतदान गर्न जान बाधा गर्छ र रोक्छ ।
    - कुनै पनि फाईदा (पैसा, उपहार, आदि सहित), खाना, पेय वा मनोरञ्जनका लागि कुनै पनि व्यक्तिबाट चुनावमा मतदान नदिन, वा कुनै विशेष उम्मेदवार वा विशेष उम्मेदवारहरुलाई मत दिन वा नदिन माग गर्न वा स्वीकार गर्नु हुँदैन ।
    - कुनै पनि फाईदा (पैसा, उपहार, आदि सहित), खाना, पेय वा मनोरञ्जन कुनै पनि व्यक्तिलाई प्रेरणाको रुपमा प्रदान गर्दछ वा पछिल्लोलाई कुनै चुनावमा मतदान नगर्न, वा मतदान गर्न वा कुनै विशेष उम्मेदवारलाई वा विशेष उम्मेदवारहरुलाई मत नदिने प्रस्ताव गर्दछ ।
    - कुनै पनि व्यक्तिलाई पछिल्लो व्यक्तिलाई चुनावमा मतदान गर्न वा नदिन, वा मतदान गर्न वा कुनै विशेष उम्मेदवार वा विशेष उम्मेदवारलाई मत नदिनेको लागि उक्साउनेको लागि कुनै पनि व्यक्ति विरुद्ध बल वा कवच प्रयोग गर्न वा धम्की दिन ।
    - कुनै व्यक्तिलाई मत हाल्ने वा कुनै खास उम्मेदवार वा विशेष उम्मेदवारलाई मत नदिने, वा चुनावमा मत नदिने प्रलोभनमा उक्साउँछ ।
    - मत हाल्न योग्य हुनुहुन्न भन्ने थाहा हुँदाहुँदै पनि चुनावमा मत हालेमा ।
    - कुनै निर्वाचन अधिकारीलाई जानाजानी वा बेपर्वाह गलत वा भ्रमपूर्ण जानकारी (उदाहरणका लागि झूटो प्रमुख आवासीय ठेगाना)दिएर पछि चुनावमा मतदान गर्छ ।

  निम्न कार्यहरु पनि मतदान केन्द्रहरुमा प्रतिबन्धित छन्:

    - अन्य मतदाताहरु र आधिकारिक प्रतिनिधिहरुसँग कुराकानी सहित अरुलाई तपाईको मतपत्रको मत देखाउने वा मोबाइल टेलिफोन वा इलेक्ट्रोनिक संचारको लागि कुनै अन्य उपकरण प्रयोग गर्न ।
    - फिल्मिङ, फोटो लिने वा कुनै अडियो वा भिडियो रेकर्डिङ गर्न ।
    - अन्य मतदाताहरु र आधिकारिक प्रतिनिधिहरुलाई तपाईको मतपत्रमा चिन्ह लगाउन आग्रह गर्न । आवश्यकता परेको खण्डमा तपाईले कानून बमोजिम मतदान अधिकारीको उपस्थितिमा PRO लाई तपाईको मतपत्रमा चिन्ह लगाउन अनुरोध गर्न सक्नुहुन्छ।
    - मत हाल्ने अन्य मतदाताहरु वा आधिकारिक प्रतिनिधिहरुलाई हस्तक्षेप गर्न ।

ICAC ले प्रासंगिक जानकारी प्रदान गर्न एक स्वच्छ निर्वाचन वेबसाइट स्थापना गरेको छ (दुवै अंग्रेजी र चिनियाँमा)। कृपया www.icac.org.hk/elections मा हेर्नुहोस् ।

## मतदान केन्द्रहरु र गणनामा COVID-19 को प्रतिक्रियामा एक महामारी विरुद्ध उपाय

- COVID-19 को फैलावट रोक्न, खाद्य तथा स्वास्थ्य ब्यूरो र स्वास्थ्य सुरक्षा केन्द्रको परामर्शमा, REO ले मतदान केन्द्रहरु र मतगणना केन्द्रहरु (केन्द्रीय गन्ती केन्द्र सहित) मा निम्न उपाय अपनाउनेछ:

मतदान केन्द्रहरु

  - सबै मतदान कर्मचारीहरु सर्जिकल मास्क लगाउन र आफ्नो शरीरको तापमान जाँच गर्नको लागि आवश्यक छ। उनीहरुले अनुहार ढाक्ने लगाउनु पर्छ यदि उनीहरु पारदर्शी सुरक्षात्मक पर्दाहरुबाट सुरक्षित हुदैनन् जो मतपत्र जारी गर्ने डेस्क, प्रो डेस्क, आदिमा राखिन्छन् ।
  - मतदान केन्द्रहरुमा प्रवेश गर्ने सबै व्यक्तिहरु (मतदाता, उम्मेदवार/AR सहित) लाई आफ्नो मास्क ठीक तरिकाले लगाउनु पर्छ, उनीहरुको शरीरको तापक्रम जाँच गर्नु पर्छ र मतदान केन्द्रहरुको प्रवेश र बाहिर निस्केका ह्याण्ड स्यानिटाइजरको प्रयोग गरी हात धुनु पर्छ ।
  - मतदाताहरु, उम्मेदवारहरु र ARs हरु को मतदान केन्द्रहरुमा आगमन पछि उनीहरुको शरीरको तापमान जाँच गर्न इलेक्ट्रोनिक थर्मामीटर सबै मतदान केन्द्रहरुमा स्थापित छन् ।
  - ज्वरो वा श्वासप्रश्वासको लक्षण, वा स्वाद/गन्ध अचानक हराएमा मतदान कर्मचारीहरुलाई चुनावी कर्तव्य निर्वाह गर्न दिइने छैन जबकि उम्मेदवारहरु/ARs हरुलाई मतदान केन्द्रहरुमा प्रवेश गर्न दिइने छैन तर उम्मेदवारहरुले अर्को प्रतिनिधिलाई मतदान हेर्न अधिकार दिन सक्नेछन् ।
  - ज्वरो वा श्वासप्रश्वासको लक्षण वा स्वाद/गन्धको अचानक हानि भएका मतदाताहरुलाई मतदान केन्द्रहरुमा तोकिएको डिब्बाहरुमा भोट गर्न तोकिनेछ ।

  - मतदान केन्द्रहरुमा हातमा प्लेकार्ड र मतदाताहरुलाई सामाजिक दुरी कायम राख्ने सम्झाउने संकेतहरु प्रदर्शन गरिनेछ ।

गणना केन्द्रहरु *(केन्द्रीय गन्ती स्टेशन सहित [1])*

  - गन्ती स्टेशनहरु (केन्द्रीय गन्ती स्टेशन सहित) का सबै कर्मचारीहरुलाई सर्जिकल मास्क र पन्जा लगाउन आवश्यक छ। पारदर्शी सुरक्षात्मक पर्दा पनि खडा गरिनेछ ।

[1] केन्द्रीय गन्ती स्टेशन को लागी प्रस्तावित सुरक्षा उपायहरु मिडिया सेन्टर को लागि अपनाईनेछ ।

दर्ता र केन्द्रीय गणना स्टेशनको सोधपूछ काउन्टरमा सार्वजनिक ग्यालरीहरुको लागि अधिकतम क्षमता संग मिडिया सेन्टरमा सामाजिक दूरी उपायहरुलाई कडाई संग लागू गरिनेछ।

- ज्वरो वा श्वासप्रश्वासको लक्षण भएको गन्ती गर्ने कर्मचारी, वा स्वाद/गन्धको अचानक हराएका कर्मचारीलाई गन्ती कर्तव्य निर्वहन गर्न अनुमति दिइने छैन।
- मतदाता, उम्मेदवार/ARs को शरीर को तापक्रम जाँच गर्नको लागि ज्वरो आएका व्यक्तिहरुलाई जाँच गर्नको लागि इलेक्ट्रोनिक थर्मामीटर प्रत्येक मतगणना स्टेशन (केन्द्रीय गणना स्टेशन सहित) मा स्थापित गरीएको छ । ज्वरो वा श्वासप्रश्वासको लक्षण, वा स्वाद/गन्ध अचानक हराएको कुनै पनि व्यक्तिलाई मतगणना स्टेशनहरुमा प्रवेश गर्न दिइने छैन। यदि उम्मेदवारहरु/ARs लाई ज्वरो वा श्वासप्रश्वासको लक्षण छ, वा स्वाद/गन्ध को अचानक हराएको छ भने, उम्मेदवारहरु गणना गर्न को लागी अर्को प्रतिनिधि लाई अधिकृत गर्न सक्छन्।
- हयान्ड स्यानिटाइजर गन्ती स्टेशनहरु (केन्द्रीय गणना स्टेशन सहित) भित्र प्रदान गरिनेछ।
- REO हङकङ सम्मेलन र प्रदर्शनी केन्द्रको लागि स्टेशनको उद्घाटन भन्दा पहिले केन्द्रीय गणना स्टेशनमा गैर धातु सतह फर्नीचर कीटाणुरहित गर्नको लागि पतला ब्लीचको उपयोग गर्नको लागि व्यवस्था गर्दछ (जस्तै गणना डेस्क, रिसेप्शन काउन्टर, कुर्सी, आदि) ।